## युवा तथा बाल सल्लाहकार समिति
## सञ्चालन निर्देशिका

### युवा तथा बाल सल्लाहकार समितिको परिचय

समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस) मानव अधिकार, सामाजिक न्याय र समानताको क्षेत्रमा क्रियाशिल गैर सरकारी संस्था हो । यस संस्थाले लक्षित समुहको सहभागिता र सशक्तिकरणलाई प्राथमिकता प्रदान गर्दछ । त्यसैले यस संस्थाका विभिन्न परियोजनाबाट लाभान्वित भइरहेका युवा तथा बालबालिकाहरुको संस्थाको कार्यक्रम, परियोजना र प्रकृयाका बारेमा राय, सुझाव र प्रतिक्रिया प्राप्त गर्न र त्यस अनुरुप व्यबहारिक रुपमा संस्थाका कार्यक्रमहरुमा आवश्यक परिमार्जन गर्न र युवा तथा बालबालिकाहरुको संस्थाका निति निर्णयहरुमा अर्थपुर्ण सशक्त सहभागिता प्रवर्द्धन गर्नका लागि सिविसले युवा तथा बाल सल्लाहकार समितिको प्रावधान राखेको छ ।

### युवा तथा बाल सल्लाहकार समितिको गठन

युवा तथा बाल सल्लाहकार समतिको गठन तथा पुनर्गठन हरेक बर्ष आयोजना हुने युवा तथा बाल क्लबहरुको बार्षिक अनुगमन कार्यशालाबाट गरिनेछ ।

सिविसले काम गरिरहेका सबै क्लष्टरहरुबाट समान प्रतिनिधित्व हुने गरी यस समितिको गठन गरिनेछ । यस समितिमा प्रतिनिधित्व गर्नका लागि बाल क्लबमा सँगठित भई क्रियाशिल भइरहेको हुनुपर्दछ ।

समितिमा सहभागि हुन श्रमिक बालबालिका तथा युवाहरुलाई प्रथमिकता प्रदान गरिनेछ ।

समितिमा लैंगित समानता कायम गरिनेछ ।

समतिका सदस्यहरुमाझबाट एक जना संयोजक र एक जना सचिव चयन गरिनेछ ।

समति बढीमा ११ सदस्यीय हुन सक्दछ ।

### युवा तथा बाल सल्लाहकार समितिको सदस्य

निम्न आधारमा युवा तथा बालबालिकाहरु यवा तथा बाल सल्लाहकार समतिको सदस्य बन्न सक्नेछन् :

- श्रमिक, गरिबीमा रहेका तथा जोखिमपुर्ण परिस्थितीमा रहेका ।
- १३ देखि २१ बर्ष उमेर समुहका ।
- सिविसको बाल क्लब वा युवा क्लबमा आवद्द ।
- बालबालिका तथा युवाका क्षेत्रमा केही गरौं भन्ने भावना र जोश जाँगर रहेको ।
- सम्बन्धित बाल क्लब तथा अभिभावकबाट समितिमा संलग्न हुन स्विकृती प्राप्त ।
- समितिमा आवश्यक्ता अनुसार समय दिन सक्ने ।

### युवा तथा बाल सल्लाहकार समितिको कार्य सञ्चालन

युवा तथा बाल सल्लाहकार समतिको कार्य सञ्चालन निम्नानुसार गरिनेछ :

क) नियमित त्रैमासिक बैठक : युवा तथा बाल सल्लाहकार समितिका नियमित रुपमा त्रैमासिक बैठक हुनेछ । यस बैठकमा आवश्यक चिया खाजा र सदस्य युवा तथा बालबालिकाहरुका लागि यातायातको ब्यबस्था सिविसले गर्नेछ । यस बैठकले अन्य तत्कालिन विषयहरुमा बाहेक निम्न प्रस्तावहरु मुख्य रहनेछन् :

- युवा तथा बाल क्लबका गतिविधीहरुको प्रतिवेदन र समिक्षा
- सिविसका कार्यक्रमहरुको प्रतिवेदन र समिक्षा
- युवा तथा बालबालिकाका नविन मुद्दाहरु तथा सिविस, युवा र बाल क्लबले गर्नुपर्ने कार्यक्रमहरु

युवा तथा बाल सल्लाहकार समितीको बैठकमा सम्बन्धित कार्यक्रम संयोजकहरुको पर्यवेक्षकको रुपमा अनिवार्य उपस्थिती हुनुपर्दछ ।

युवा तथा बाल सल्लाहकार समतिको बैठक सम्पन्न भएको ७ दिनभित्र आँगन शाखाले उक्त बैठकमा छलफल भएका र निश्कर्ष निकालिएका कुराहरुको विस्तृत प्रतिवेदन बनाई सम्बन्धित सबै शाखाहरुको जानकारीका लागि पठाउनुपर्नेछ।

ख) नियमित युवा तथा बाल पत्रिका सम्पादन र प्रकाशन गर्ने : युवा तथा बाल सल्लाहकार समितिले गर्नुपर्ने अर्को मुख्य कार्य भनेको नियमित रुपमा प्रकाशित हुने बाल पत्रिका आँगन र युवा न्युजलेटर परिवर्तनका पाइलाको सम्पादन र प्रकाशनको तैयारी र जिम्मेवारी विभाजन तथा कार्यन्वयन पनि हो । यसका लागि त्रैमासिक बैठकमा यस सम्बन्धि प्रस्ताव पेश गरी समाचर सँकलन गर्ने, लेख रचना संकलन गर्ने तथा पत्रिकाका नियमित अतिरिक्त विषयबस्तुहरुको सुचि बनाउने र पुर्व प्रकाशनको कार्य गर्ने जस्ता विषयहरुमा छलफल गरी निर्णय गर्नुपर्दछ ।

ग) विभिन्न दिवसहरु मनाउने तथा कार्यक्रमहरु गर्ने :

समितिले गर्नुपर्ने अर्को मुख्य काम भनेको युवा तथा बालबालिकासँग सम्बन्धित एवं मानव अधिकार र सामाजिक न्यायासँग सम्बन्धित विभिन्न दिवसहरुको अवसरमा गरिने कार्यक्रहरुको निर्धारण, तैयारी र कार्यान्वयन पनि हो । यसका लागि नियमित त्रैमासिक बैठक बाहेक छुट्टै बैठक बसी उक्त दिवसका अवसरमा गरिने कार्यक्रमहरु तय गर्ने, त्यसको ब्यबस्थापन र प्रकृया निर्धारण गर्ने गर्नुपर्दछ । यसरी तय भएका कार्यक्रमहरु सम्बन्धित युवा तथा बाल क्लबहरुमा र सम्बन्धित शाखाहरुमा तत्काल जानकारी गराई कार्यान्वयन गर्न थाल्नुपर्दछ । यसरी कार्यक्रम सम्पन्न भइसकेपछी ७ दिन भित्र त्यसको विस्तृत प्रतिवेदन तैयार पारी प्रस्तुत गर्नुपर्दछ ।

घ) युवा तथा बाल क्लबहरुको क्षमता विकास कार्यक्रमहरु : यस समितिले सिविससँग आवद्द युवा तथा बाल क्लबहरुको विभिन्न विषयमा क्षमता विकास तथा सशक्तिकरणका कार्यक्रमहरु सुझाव गर्न र त्यसको सञ्चालन र ब्यबस्थापन गर्न सक्दछ । यस अन्तर्गत बाल तथ युवा क्लबहरुलाई विभन्न विषयमा तालिम, गोष्ठि तथा सहयोग तथा सिकाइका प्रकृयाहरु पर्दछन् ।

ङ) जनचेतना तथा दबाबमुलक कार्यक्रमहरु सञ्चालन गर्ने : नियमित त्रैमासिक बैठक वा विभिन्न समयमा बस्ने बैठकहरुबाट निर्णय गरी आवश्यक्ता अनुसार बालबालिका तथा युवाहरुको विषयमा विभन्न दबाबमुलक तथा जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ । यस सन्दर्भमा विभीन्न अधिकार हननका घट्नाहरुमा दबाबमुलक कार्यक्रमहरु सञ्चालन गर्ने अभियानहरु बढी पर्दछन् ।